# माछो माछो भ्यागुतो कथामा आञ्चलिकता

**आनन्दा खत्री**
उपप्राध्यापक, राप्ती बबई क्याम्पस, तुलसीपुर, दाङ
anandakhatri38@gmail.com

**Received Date**: Dec 17, 2024 **Reviewed Date**: Jan 1, 2025 **Accepted Date**: Feb 5, 2025

***सारसंङ्क्षेप***

*इस्मालीको 'माछो माछो भ्यागुतो' कथालाई आञ्चलिकताका आधारमा विश्लेषण गरिएको छ । आञ्चलिक अध्ययनमा निश्चित स्थानविशेषका रीतिस्थिति, चालचलन, रहनसहन, संस्कार, संस्कृति आदि विविध पक्षहरूको अध्ययन गरिन्छ । प्रस्तुत लेखमा आञ्चलिकताको परिचय दिँदै कथ्यविषय, पात्रचित्रण, प्रकृतिचित्रण, स्थानीय भाषा, स्थानीय रङ, स्थानीय जीवनपद्धति, संस्कृति र लोकजीवन जस्ता आञ्चलिकता निर्धारणका आधारहरूको प्रस्तुति गरिएको छ । प्रस्तुत लेख गुणात्मक ढाँचामा रहेको छ । यस लेखमा पुस्तकालयीय कार्यबाट प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक विधिको उपयोग गरी कथाको विश्लेषण गरिएको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, शोधपत्र आदिबाट द्वितीयक सामग्रीको खोजी गरी यस लेखलाई तयार पारिएको छ । मिथिला क्षेत्रको चुनावी परिवेशलाई केन्द्रविन्दु बनाई लेखिएको यस कथामा चुनावका समयमा गाउँमा देखिएको चहलपहल, उमेदवारहरूको झुटो आश्वासन तथा विपन्न वर्गमा देखिएको नैराश्यतालाई प्रस्तुत गरिएको छ । यस कथामा गरिबीको मारमा पिल्सिएका तथा सामन्तको अत्याचार सहेर बसेका जनताहरूमा बिस्तारै चेतनाको विकास हुँदै गरेको कुरा देखाइएको छ । कथाको विश्लेषणबाट मिथिला क्षेत्रको स्थानीय जनजीवनसँग सम्बद्ध विविध पक्षलाई द्योतन गर्न सक्षम रहेकाले आञ्चलिकताको प्रयोग समुचित ढङ्गले भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**: सामाजिक सन्दर्भ, लोकजीवन, स्थानीयता, विपन्न, आञ्चलिकता ।

## विषय परिचय

२०३१ सालमा 'भञ्ज्याङ' पत्रिकामा 'ऋणको थिचो' शीर्षकको कथा प्रकाशन गरी औपचारिक रूपमा साहित्यिक यात्राको थालनी गरेका इस्मालीको 'माछो माछो भ्यागुतो' पहिलो कथासङ्ग्रह हो । वास्तविक नाम महेशप्रसाद उपाध्याय भए पनि इस्मालीका नामले साहित्य क्षेत्रमा परिचित उपाध्याय २०१२ सालमा औरही महोत्तरी जनकपुरमा जन्मेका हुन् । गणित विषयमा एम.एड.सम्मको औपचारिक शिक्षा हासिल गरेका उपाध्याय हाल प्राध्यापन पेसामा आबद्ध छन् । आख्यान क्षेत्रमा कलम चलाउने उपाध्यायका 'जिरो माइल' र 'सेतो आतङ्क' गरी दुई ओटा उपन्यास र 'माछो माछो भ्यागुतो', 'घाम घामजस्तो छैन', 'काट् जर्किन डि', 'इस्मालीका प्रतिनिधि कथाहरू,' 'श्रीको खोजी' र 'कामरेडको कोट' गरी छ ओटा कथासङ्ग्रह प्रकाशित छन् । पारिजात सिर्जन पुरस्कार, मैनाली कथा पुरस्कार र ह्रदयचन्द्र स्मृतिबाट सम्मानित इस्माली आधुनिक नेपाली कथाका प्रगतिवादी कथाकार हुन् । इस्माली खास भूगोलमा केन्द्रित भई कथा लेख्ने आञ्चलिक कथाकारका रूपमा चिनिन्छन् । उनको बाह्र

ओटा कथाको सङ्ग्रह 'माछो माछो भ्यागुतो'मा सङ्गृहित 'माछो माछो भ्यागुतो' कथा तराइली ग्रामीण समाजको भाषा, संस्कृति, जीवनशैली एवम् रहनसहनको सूक्ष्म चित्रण गरिएको आञ्चलिक कथा हो ।

'अञ्च्' धातुमा अलच् प्रत्यय लागी बनेको अञ्चल शब्दमा 'इक' प्रत्यय लागेर आञ्चलिक शब्दको निर्माण भएको हो । जसको अर्थ कुनै अञ्चल वा प्रदेशसँग सम्बद्ध भन्ने हुन्छ । आञ्चलिक शब्दले कुनै मुलुक वा प्रदेशको एक भाग वा क्षेत्र विभाजन भन्ने अर्थ दिएको छ। केन्द्रभन्दा बाहिरको कुनै सीमान्तीय ठाउँ वा प्रदेश नै आञ्चलिक हो । यसलाई स्थानीय वा स्थानिक शब्दले पनि व्यवहार गरिन्छ (गौतम, फेब्रअरी,२४,२०१७) । ' आञ्चलिक' विशेषण शब्दमा 'ता' प्रत्यय लागेर 'आञ्चलिकता' भाववाचक शब्दको निर्माण भएको छ। सामान्य अर्थमा 'अञ्चल' शब्दले कुनै भौगोलिक क्षेत्र वा स्थानविशेषलाई सङ्केत गरे पनि आञ्चलिकताले त्यस क्षेत्रका विभिन्न विशेषताहरूका बारेमा जनाउँछ। साहित्यिक प्रयोगमा आञ्चलिकताको लाक्षणिक अर्थ कुनै निश्चित क्षेत्र विशेषमा केन्द्रित भएर त्यहाँका प्राकृतिक, सामाजिक तथा सांस्कृतिक मौलिकता एवम् विशेषता उजागर गर्ने प्रवृत्ति वा सिद्धान्त भन्ने बुझिन्छ। 'माछो माछो भ्यागुतो' कथा आञ्चलिकताका यिनै विविध प्रवृत्ति, मान्यता वा अभिलक्षणहरूलाई आत्मसात गरिएका कथाको एक महत्त्वपूर्ण दृष्टान्त हो। नेपालको पूर्वी तराईको मिथिला क्षेत्रलाई केन्द्रबिन्दु बनाई त्यहाँको सामाजिक, आर्थिक, राजनैतिक तथा वर्गीय विभेदलाई यथार्थ रूपमा देखाउने, नेताहरूको अन्याय, अत्याचार तथा अधिकारका लागि सङ्गठित भएका जनताको यथार्थ स्थितिको प्रस्तुति गरेकाले आञ्चलिकताका दृष्टिले अध्ययन गर्नु उपयुक्त देखिन्छ।

यसरी 'आञ्चलिक' शब्दले अञ्चल विशेष, अञ्चलमा प्रचलित, अञ्चलसँग सम्बद्ध आदि अर्थ दिन्छ। त्यसैले निश्चित प्रदेशको र निश्चित क्षेत्र वा स्थान विशेषको जनजीवन, संस्कार, संस्कृति, जीवनशैली, भाषा, रीतिस्थिति आदिको प्रतिबिम्बन भएको साहित्यलाई आञ्चलिक साहित्य भनिन्छ । निश्चित स्थानविशेषका रीतिस्थिति, आचारविचार, जीवनशैली, वेशभूषा, संस्कार, संस्कृति, भौगोलिकता, भाषा, जाति र जनजातिहरूका मौलिक चालचलन तथा सामाजिक सन्दर्भ आदिको प्रतिबिम्बन भएको साहित्यलाई आञ्चलिक साहित्य भनिन्छ (गौतम, फेब्रअरी, २४, २०१७) । लोकसंस्कृति, लोकजीवन, मिथक, सामाजिकता र जातीय संस्कार आदिले आञ्चलिक साहित्य प्रभावित हुने भएकाले यिनलाई प्रभावक मानिन्छ। आञ्चलिकता केन्द्रको सीमाभन्दा पर रहेको क्षेत्रीय, सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक तथा अन्य सम्बन्धलाई हेर्ने सैद्धान्तिक अवधारणा हो । साहित्यका विविध विधाका माध्यमबाट अभिव्यक्त हुने आञ्चलिकताको उद्देश्य त्यस क्षेत्र विशेष र समुदायका समस्या र अवस्थालाई उजागर गर्ने रहेको हुन्छ। यो लोकजीवनका अनेक पाटा र लोकतत्त्वसँग प्रत्यक्ष रूपमा जोडिएर निश्चित क्षेत्र विशेषसँग सम्बद्ध भएर त्यहाँको मौलिक र लोकसंस्कृतिका समग्रतालाई आत्मसात् गरेको हुन्छ । यसरी आञ्चलिकताबाट निश्चित भूभागका संस्कृति, रहनसहन र जीवनपद्धतिको बारेमा बोध गर्न सकिने हुँदा यसका सम्बन्धमा धेरै खोजअनुसन्धान भएका छन् । आञ्चलिकताको खोजी गर्ने क्रममा कथाकार इस्मालीको 'माछो माछो भ्यागुतो' कथामा के कस्तो आञ्चलिकताको प्रयोग भएको छ भनी कथ्यवस्तु, आञ्चलिक रङ, स्थानीय भाषा, जीवनचर्या, चरित्रचित्रण, प्रकृति वर्णन, स्थानीय संस्कृति जस्ता पक्षहरूबाट पर्गेल्नु यस लेखको उद्देश्य हो ।

## सैद्धान्तिक पर्याधार

साहित्यिक कृतिको मूल्याङ्कन गर्ने एउटा सैद्धान्तिक आधार आञ्चलिकता हो । आञ्चलिकता विषयवस्तुका दृष्टिले साहित्यसँग अन्योन्याश्रित सम्बन्ध भएको विषय हो । अठारौँ शताब्दीको आरम्भदेखि पाश्चात्य साहित्यमा आञ्चलिकताको चेतना उपयोग गरिएको भए पनि सैद्धान्तिक रूपमा यसको विकास बिसौँ शताब्दीमा भएको हो । साहित्यमा आञ्चलिकतालाई अर्थ्याउने सन्दर्भमा यसलाई विभिन्न तरिकाबाट व्याख्या र विश्लेषण गरिएको छ । साहित्यिक क्षेत्रमा आञ्चलिकताको आन्दोलनलाई स्वच्छन्दतावादी आन्दोलनको विश्वव्यापी प्रभावको उपलव्धि मान्दै रामदयाल राकेशले आञ्चलिक साहित्यका बारेमा आफ्नो अभिमत यसरी प्रकट गरेका छन् ।

आञ्चलिकतामा सम्पूर्ण सामाजिक र सांस्कृतिक परिवेशको स्वर समाविष्ट हुन्छ । यसमा स्थानीय लोकसंस्कृतिका सम्पूर्ण अङ्ग समाहित हुन्छन् । स्थान विशेषमा प्रचलित लोककथा,लोकगीत, लोकोक्ति, उखानटुक्का आदिको अङ्कन त्यहाँको साहित्यमा हुनु आञ्चलिक हो । लोकभाव, लोकगीत र लोकसङ्गीतको प्रयोग गरेर चित्रमय बिम्ब उतार्नु आञ्चलिक साहित्यको विशेषता हो (राकेश, २०५५,पृ.८०) । उपर्युक्त अध्ययनले आञ्चलिकता भूमिको सीमा मात्र नभएर मानवीय व्यवहारका स्थानीय रङसँग जोडिएको पहिचान भन्ने जनाउँछ । कुनै स्थानीय जनजीवनका विशेष स्थान वा क्षेत्र विशेषका भन्ने सन्दर्भमा बुझिने आञ्चलिकतालाई अङ्ग्रेजीमा रिजनल वा स्पाइसियल भन्ने विविध रूपमा अर्थ्याइएको पाइन्छ । यस सन्दर्भमा नेपाली साहित्य कोशमा रामदयाल राकेशले जे.टि सिप्लेको आञ्चलिकतासम्बन्धी परिभाषालाई उद्धृत गर्दै आञ्चलिकता भनेको लेखकको आफ्नो कृतिको एक अञ्चल विशेषको आधारभूमिमाथि निर्मित गर्ने तथा त्यहाँका बासिन्दाहरूको जीवन र भविष्यलाई बिस्तारको साथ चित्रित गर्ने लेखकीय प्रवृत्तिका रूपमा प्रस्ट्याएका छन् (राकेश,२०५५, पृ.७८) । यसमा स्थानीय जनजीवनका अन्तर्बाह्य विविध पक्ष वा प्रान्त विशेषसित सम्बद्ध वा आबद्ध भएर लेख्ने प्रवृत्तिलाई आञ्चलिकताको रूपमा व्याख्या गरिनुका साथै आञ्चलिकतामा निश्चित क्षेत्र वा समुदायलाई समेटिएको पाइन्छ । निश्चित स्थानिक भूगोलमा केन्द्रित भएको साहित्य आञ्चलिक हो र यसमा विभिन्न जातजाति, जीवनशैली, भाषासंस्कृति, मौलिक विधि व्यवहारका झलक, संस्कारसम्बद्ध हरेक पक्षको प्रयुक्ति हुने भएकाले स्थानीय रङ र पहिचान निकट रहेका हुन्छन् । साहित्यिक लेखनका सन्दर्भमा आञ्चलिकता सामाजिक यथार्थवादी कथालेखनको प्रवृत्ति हो (कोइराला, २०६८, पृ.२८४) । उपर्युक्त उद्धरणले आञ्चलिक साहित्यबाट निश्चित भूगोलको वास्तविकता प्रस्टिने कुरा व्यक्त गरेको छ । आञ्चलिकता बहुविषयक अवधारणाका रूपमा विकसित भएको तथा समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, साहित्य, कला आदि ज्ञान विज्ञानका विविध क्षेत्रमा प्रचलित मान्यता वा सिद्धान्त पनि हो (सुवेदी,२०७७, पृ.७१) । यस विचारले आञ्चलिकतालाई बहुविषयात्मक वा अन्तर्विषयको समिश्रणको अवधारणाको रूपमा पुष्टि गरेको छ ।

नेपालजस्तो बहुलतामा आधारित समाज, भाषा, संस्कृति, प्रकृति, भूगोल तथा जनजीवनका विविध पक्षहरू साहित्यमा स्थानीयताका रूपमा प्रतिबिम्बित भएका हुन्छन् । तापनि स्थानीयताको रङ हुने बित्तिकै सबै साहित्यलाई आञ्चलिक साहित्य मान्न सकिन्न । हरेक अञ्चलविशेषका निश्चित पहिचान दिने विशेषताहरू रहने भएकाले तिनको समावेश साहित्यमा पनि हुन्छ । यस सन्दर्भमा नेपाली आञ्चलिक साहित्यको सिर्जनात्मक प्रभाव निकै बढ्दै गएको पाइन्छ । आख्यान, निबन्ध, नाटक र कविता विधाले आञ्चलिकतालाई बहन गरे पनि

नेपाली साहित्यका मुख्यगरी आख्यान विधाले आञ्चलिकतालाई प्रभावकारी रूपमा प्रस्तुत गरेको पाइन्छ। लक्ष्मण गौतमले आञ्चलिक साहित्यको चिनारी दिने सन्दर्भमा यस्तो लेखेका छन् "निश्चित अञ्चल, प्रदेश, क्षेत्र वा स्थानविशेषका रीतिस्थिति, आचारविचार, जनजीवन, वेशभूषा, संस्कृति, भौगोलिकता, भाषा, जाति र जनजातिका निजी चालचलन एवम् यससँग गाँसिएर आएका सामाजिक, सांस्कृतिक सन्दर्भ आदिको प्रतिबिम्बित हुनु आञ्चलिक हुनु हो र यस्तो प्रतिबिम्बिन भएको साहित्यलाई आञ्चलिक साहित्य भनिन्छ। "(गौतम, फेब्रअरी २४, २०१७) । उपर्युक्त उद्धरणबाट आञ्चलिक कथालाई पहिचान गर्ने विभिन्न आधारहरूको स्पष्ट किटान भएको छ। बहुलवादी समाजका ओझेलमा परेका बहुमुखी विषय, चरित्र र जीवनचेतनालाई आञ्चलिकताले सिर्जनात्मकताका माध्यमबाट मूल प्रवाहमा ल्याउन मद्दत गर्दछ। त्यसैले कथ्यवस्तु, आञ्चलिक रङ, स्थानीय भाषा, जीवनचर्या, चरित्रचित्रण, प्रकृति वर्णन, स्थानीय संस्कृति जस्ता पक्षहरूमा आञ्चलिकताको खोजी गर्दै यिनै सैद्धान्तिक आधारमा 'माछो माछो भ्यागुतो' कथालाई वर्णनात्मक पद्धति अनुसार समीक्षा गरिएको छ।

## शोधविधि तथा सामग्री

प्रस्तुत लेख गुणात्मक ढाँचामा रहेको छ। यस लेखका लागि आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएकोछ। कथाकार इस्मालीको माछो माछो भ्यागुतो (२०७७) कथासङ्ग्रहअन्तर्गतको 'माछो माछो भ्यागुतो' कथालाई प्राथमिक स्रोतसामग्रीका रूपमा लिइएको छ भने आञ्चलिकताको सैद्धान्तिक अवधारणा र प्रयोगसँग सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका तथा प्राज्ञिक लेखलाई द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ। यस अध्ययनमा कथ्यविषय, चरित्रचित्रण, प्रकृति चित्रण, स्थानीय भाषा, स्थानीय रङ, स्थानीय जीवनचर्या, संस्कृति र लोकजीवन आदि आञ्चलिकताका उपकरणको आधारमा 'माछो माछो भ्यागुतो' कथाको विश्लेषण गरिएको छ। सङ्कलित सामग्रीलाई वर्णनात्मक विधिका माध्यमबाट व्याख्याएवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## नेपाली कथामा आञ्चलिकताको प्रयोग र परम्परा

आख्यान विधाअन्तर्गत पर्ने कथाको आफ्नै विधागत स्वरूप रहेको हुन्छ। गद्य विधाअन्तर्गत पर्ने कथा एकै बसाइँमा पढिसकिने विधा हो। आधुनिक नेपाली कथाको प्रारम्भ वि.सं १९९२ मा गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट भएसँगै यसमा विभिन्न प्रवृत्तिगत विशेषताहरू देखिँदै आएका छन्। मैनाली र वि.पिका कथाहरू मूलतः आञ्चलिक नभए पनि आञ्चलिकताका दृष्टिले विश्लेषणीय छन्। मैनालीका 'परालको आगो', ' छिमेकी', 'कर्तव्य' जस्ता कथामा पहाडिया आञ्चलिक परिवेश जीवन्त रूपमा प्रतिबिम्बित भएको पाइन्छ भने वि.पी कोइरालाका 'श्वेत भैरवी', 'सिपाही', 'मधेशतिर' कथामा तराइली सामाजिक परिवेश र आञ्चलिकताको स्पष्ट प्रभाव पाइन्छ। त्यस्तै गरी 'सिपाही' कथामा पूर्वी पहाडको आञ्चलिक परिवेश छ। रमेश विकलको ' लाहुरी भैसी' कथामा वा उनका अन्य थुप्रै कथामा पूर्वी पहाडिया आञ्चलिक परिवेश जीवन्त देखिन्छ भने गोविन्द गोठाले र विजय मल्लका अधिकांश कथाहरू काठमाडौँको नेवारी समाजको प्रभावपूर्ण बिम्ब चित्रका दृष्टिले विवेचनीय छन् र ती कथाहरू पनि आञ्चलिकताको प्रयोगका दृष्टिले प्रभावपूर्ण देखिन्छन्। त्यसैगरी तराइली आञ्चलिक परिवेशको जीवन्त चित्रण र आञ्चलिक कथाको सशक्त नमुनाका रूपमा भवानी भिक्षुको '

हारजित' कथामा वर्णित तराइली आञ्चलिकता स्थानीय परिवेशका दृष्टिले भिन्न भए पनि प्रभावोत्पादकता दुवै कथामा सशक्त देखिन्छ (गौतम, फेब्रअरी २४, २०१७) । यसरी नेपाली साहित्यमा थुप्रै सर्जकहरूका सिर्जनामा आञ्चलिकताको प्रयोग भएको पाइन्छ। तराइली क्षेत्रमा जन्मी हुर्केका इस्मालीले त्यहाँको सामाजिक, आर्थिक र राजनीतिक पाटोलाई राम्रोसँग बुझ्ने मौका पाएकाले त्यहाँ सबै क्षेत्रका विकृति र विसङ्गतिलाई आफ्ना कथामा उतार्ने काम गरेका छन् ।

आधुनिक नेपाली कथाको पूर्ववर्ती युगमा आञ्चलिक प्रवृत्तिका मात्र कथा लेख्ने कथाकारहरू केही कम भए पनि धेरै कथाकारहरूका कतिपय कथामा आञ्चलिक प्रवृत्तिका प्रशस्त अभिलक्षणहरू देखिन्छन् । यसको धेरै बढी प्रयोग शङ्कर कोइरालाले गरेका छन् भने पुष्कर शमशेर, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, पूर्णदास श्रेष्ठ आदि कथाकारहरूले अन्य प्रवृत्तिसँग आञ्चलिकतालाई पनि समेटेर कथा लेख्छन् (गौतम, फेब्रअरी २४, २०१७) । यसरी आधुनिक युगका धेरै कथाकारले आफ्ना कथामा आञ्चलिक प्रवृत्तिलाई मिसाएर लेख्ने भएकाले यसको छनक प्रशस्त मात्रामा पाइन्छ।

**छलफल र परिणाम**

**कथ्य विषय**

'माछो माछो भ्यागुतो' कथाले नेपालको पूर्वी तराईको आञ्चलिकतालाई कथ्य विषय बनाएको छ। त्यहाँको जनजीवन, समाज, त्यहाँका मानिसको आर्थिक अवस्था, चेतनास्तर समेतको चित्रणमा कथा केन्द्रित छ । चुनावमा नेताहरूले जनतालाई विभिन्न आश्वासन दिएर जिते पनि जनताले कुनै किसिमको राहत महसुस नगरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ।

प्रमुख पात्र ऊ को मानसिकतालाई देखाउन खोजिएको यस कथामा नन्दन राय, माधोबाबु र शर्मा जी तीन जना उमेद्वार तँछाडमछाड गर्दै गाउँ गाउँमा प्रचार प्रसार गर्दै छन्। पद्मीनी वाइजीको नृत्य देखाउँदै, रक्सी र मासु खुवाउँदै तथा खोक्रो आश्वासन बाँड्दै भोट तान्नमा उमेदवार तल्लीन छन् । माधो बाबुको विरुद्धमा चुनावमा प्रचार प्रसार गरे "यसपालि तँलाई कुनै सरकारी अफिसमा चपरासीमा मिलाइदिउँला" भनी कबोलसहित आश्वासन दिएका नन्दन रायको आश्वास र कबोलले उसको मन जित्न सकेन। ऊ पात्रले बौकामुसहर चपरासीको जागिर भएदेखि उसको घरमा लवघरियाको रासलिला सुरु भएको देखेर "गोली मारो चपरासी उपरासी" भन्दै जागिरप्रति वितृष्णाभाव पैदा गरेको छ। रुसको राज्य व्यवस्था लागू गर्न चाहने माधोबाबुले उसको दस दिनको बनी नदिएको सम्झन्छ। बासमतीको चामल आफूले खाई हरुवाचरुवालाई कोदाको ढिडो र रोटी खुवाउने नेतालाई सम्झदै बाहिर चुनावी नृत्य तथा पेटभित्र भोकको ढोलक बजेकाले ऊ निदाउन सक्दैन। एक हातले उडुस र अर्का हातले उपियाँ धपाउने ऊ पात्रले "मुसहर टोलको समस्या कसले समाधान गर्छ त ?" भन्दै घुरको धुँवाले लामखुट्टे धपाउने प्रयास गर्छ। धुँवाले आँखा पोली व्युझेकी उसकी श्रीमती चेपकटवालीले "भोट कसलाई हाल्ने ?" भन्ने प्रश्नमा उसले यकिन गर्न सक्दैन। किसन भैयाको "गरिब, गरिब एकजुट भए मात्रै रोजी रोटीको समस्या हल हुन्छ र गरिब दुखीको कल्याण हुन्छ।" भन्ने विचार श्रीमतीलाई बताउँछ। नन्दन रायले गाउँमा इनार बनाइदिन्छु भन्दै सधैँ चुनाव जितेर नबनाइ दिएकाले कसैलाई दिनुको अर्थ छैन भन्दा चेपकटवाली र बौकामुसहर "त्यसो भए हामी

पनि भोट नहालौँ"भन्दै भोट नहाल्नेमा सहमति जनाएका छन् । तसर्थ यस कथामा तत्कालीन राजनीतिक स्थिति र त्यसले अञ्चलमा पारेको प्रभावलाई टट्कारो रूपमा देखाइएको छ । ठूलाबडाको हैकम, विपन्न वर्गका मुसहर वस्तीमाथिको अन्याय र अत्याचारलाई यसमा देखाइएको छ ।

यसरी प्रस्तुत कथामा पूर्वी तराईका सामन्त व्यक्तिले जनतालाई भेडो बनाई चुनावको बहानामा खोक्रो आश्वासन बाँडी आफूले मात्र मोज गरेको वर्णन गर्दै चुनावी विकृति र विसङ्गतिलाई देखाउनु तथा मुक्तिका लागि गरिब दुखीहरूलाई एकबद्ध गराई वर्गीय सङ्घर्षको आह्वान गरेकाले यस कथामा आञ्चलिकताको प्रयोग देखिन्छ ।

## चरित्रचित्रण

यस कथाको मुख्य पात्रका रूपमा ऊ रहेको छ भने सहायक पात्रका रूपमा नन्दन राय, माधोबाबु, शर्मा जी, किसन भैया, बौकामुसहर, सोनफी राय र फुलचनमा रहेका छन् । हरेक पात्रको आ आफ्नो ठाउँमा विशिष्ट भूमिका रहेको छ । ऊ पात्र कथाको सुरुदेखि अन्त्यसम्म आएको सत् पात्र हो । अशिक्षित पात्र ऊ आर्थिक विपन्नतामा रहे पनि पच्चीस पचासको लोभमा परी इमान बेच्न नचाहने पात्र हो । भोकले गर्दा रातभर निदाउन नसक्ने ऊ इमान्दार पात्र हो । जागिरको नाममा आफ्नो अस्मिता मेटाउन नचाहने तथा गाउँमा सम्मानित व्यक्तिको रूपमा बाँच्न चाहने ऊ सच्चरित्र भएको पात्र हो । नेताहरूको वर्षौ वर्षको झुटो आश्वसनबाट आजित भई त्यस्तालाई भोट नदिने निर्णय गर्ने सचेत पात्र पनि हो । नन्दन राय भ्रष्ट राजनीतिक चरित्र भएको पात्र हो । चुनावका बेला माथिबाट पैसा ल्याउने र जग्गाजमिन जोड्ने, जनतालाई २५ / ५० दिएर भोट किन्ने, आश्वासन धेरै र काम केही नगर्ने स्वार्थी र भ्रष्ट नेता हो । त्यसैगरी माधो बाबु र शर्मा जी पनि सामन्त, भ्रष्ट र पतित नेता हुन् । जसले जनताका खुन पसिना चुसेका छन् । विदेशको भौतिक सुविधाको प्रलोभन देखाउँदै जनतालाई झुलाउने र छक्याउने षडयन्त्रकारी पात्रको रूपमा देखिएका छन् । बौकामुसहर मुसहर वस्तीको निम्न वर्गीय पात्र हो । नेताहरूले चपरासीको जागिर मिलाइदिएको बहानामा आफ्नी श्रीमतीसँग यौनव्यापार गर्ने घुइँचो लागेको देखेर भट्टाले लखेट्दै गाली गलौच गर्ने पात्र हो । ऊ गरिब भए पनि आफ्नो अस्तित्वमा बाँच्न चाहने पात्र हो । किसन भैया मुसहर टोलकै केही जान्नेबुझ्ने पात्र हो । नेताहरूको अन्याय र अत्याचारको खुलेर विरोध गर्न नसके पनि विपन्न मुसहरहरूलाई नेताहरूको ज्याजतिपूर्ण कुकृत्यको बारेमा स्पष्ट पारिदिएर सम्पूर्ण मुसहर एकजुट हुनुपर्ने र कसैलाई भोट हाल्न नहुने भन्दै चुनावी विरोधको आह्वान गर्ने सचेत पात्र हो । अन्य सबै पात्रहरूले तराईको स्वभाव, बानीव्यहोरा झल्काएकाले कथालाई आञ्चलिक बनाएका छन् ।

## प्रकृतिको चित्रण

प्रस्तुत 'माछो माछो भ्यागुतो' कथामा प्रकृतिको वर्णन त्यति स्पष्ट रूपमा नगरिएको भए पनि तराईको चुनावी परिवेशलाई आधार बनाएर लेखिएकाले त्यस अवधिमा प्रकृतिमा देखिने परिवर्तनलाई वर्णन गरिएको छ । मन्द मन्द हावा चल्दै थियो, त्यसैले गर्मी त्यति सारो थिएन । आकाशमा फाटफुट बादलहरू लागेको हुँदा पूर्णिमाको जून पनि धरतीमा त्यति सारो उज्यालो छरेर आएन (इस्माली, २०७७ पृ.३३) । त्यस समयको चुनावी सन्दर्भमा प्रकृतिमा देखिने परिवर्तनलाई वर्णन गरिएको छ । हजार थरीका चुनावी गीतहरू हजार भाकामा प्रसारण भएको वर्णन गर्दै, बजारमा बाइजीको हल्लाले खूब रौनक छाएको सुनाउँदै पसलका भित्ताहरू नीला काला र राता

रङले रङ्गिएको तथा इनार, भित्ता, रूख तथा गाई गोरुका पिठियू कुनै खाली नभई रङ्गिएको प्रसङ्गले चुनावी वातावरणलाई देखाउँदै आञ्चलिकताको पुष्टि गरिएको छ।

**स्थानीय भाषा**

यस कथामा आञ्चलिक कथा अनुरूप स्थानीय भाषाको प्रयोग भएको छ। मिथिलाञ्चललाई परिवेश बनाइएको यस कथामा मैथिली पात्रहरूको प्रयोग भएको छ। मैथिली भाषाका शब्द र वाक्यहरूको प्रयोग भएको छ। “नन्दन राय जोभुलेगा, वह पाँच बरस झुलेगा”(इस्माली, २०७७ पृ.३१)। यस कथनबाट नन्दन रायलाई भुल्ने मान्छे पाँच वर्ष झुल्छ भन्ने आशय प्रस्तुत गरिएको छ। मैथिली भाषाका गीतको प्रयोग गरिएको छ“लुटि ले लो जोवनमा हमार, छाता मे भोट दै दो तुम्हार ”( पृ.३४)। यस कथनबाट हाम्रो जोवन तिमीले लेऊ, छाता छापमा तिमीले भोट देऊ भन्ने आशय प्रस्तुत गरिएको छ। “ साला ! रण्डीखाना है ? अपना माइ बहिन ”(पृ ३८)। यस कथनबाट आफ्नो घर वेश्यालय नभएको, सबैका घरमा आमा, बहिनी रहेको कुरा प्रस्तुत गरिएको छ।

यसरी यस कथामा स्थानीय भाषाका वाक्यको मात्र प्रयोग नभई स्थानीय भाषाका शब्दहरू, अङ्ग्रेजी भाषाका शब्दहरू, हिन्दी भाषाका शब्द र उखानटुक्काको पनि प्रयोग भएको छ। डिगडिगिया- फैलाउने, फिकिर-चिन्ता, पथार- बारी, चपरासी-चौकीदार, गिरेथ-घोडे, खातिर-लागि, डिंङ हाँक्नु- गफ लाउनु, अक्सर-प्रायजसो, आदि। पार्टी-दल, पोलिटिक्स - राजनीति, टेरिकट र पोलिष्टर। आम - आँप, भैया - भाइ, माछो माछो भ्यागुतो आदिको प्रयोगले पनि कथा आञ्चलिक बन्न पुगेको छ।

**स्थानीय रङको विशिष्ट प्रयोग**

इमान किन बेच्नु भनी उसले त्यो छुदै छोएन। ’(पृ. ३३) ‘वर्ष दिन भयो, उसको दस दिनको बनी झुलाइराख्या छन्’(पृ. ३५)। यस अभिव्यक्तिबाट ग्रामीण समाजका हुनेखाने, टाठाबाठा सामन्त र जमिनदारहरूले निमुखा मानिसलाई शोषण गर्ने प्रवृत्तिको चित्रण गरिएको छ। ‘म त सुत्नै सकिनँ। घुर धुवाँएर बसेको छु। ’(पृ. ३६) यस सन्दर्भबाट काम र मामको अभावमा पेटमा भोकको ढोलक बजाउँदै उपियाँ र लामखुट्टेसँग सिंगौरी खेल्दै घुर बालेर तिनीबाट जोगिन खोज्ने विपन्न मुसहरको मर्मस्पर्शी पीडालाई चित्रण गरिएको छ। स्थानीय पात्रहरू छन्। ‘गर्छ, कल्याण ! पैसाको खोलो बगाउनेले पहिले बगेको खोलो फर्काउँछ कि जनताको कल्याण गर्छ (पृ. ३७)। यस सन्दर्भले जनताहरूमा नेताप्रतिको विश्वास मरिसकेको कुरा पुष्टि हुन्छ। स्थानीय घटनासन्दर्भहरू र स्थानीय भाषाको प्रयोग छ। चौकीदारको जागिर चाहिदैंन भन्ने अभिव्यक्तिलाई यसरी प्रस्तुत गरिएको छ“गोली मारो चपरासी उपरासी !”(पृ. ३२) यो के बेश्यालय हो ? आफ्ना आमा, बहिनी पनि छन् भन्ने भनाइलाई यसरी प्रस्तुत गरिएको छ“ साला ! रण्डीखाना है ? अपना माइ बहिन ”(पृ. ३८)।

त्यस्तैगरी यसमा कथ्य अञ्चलभित्रका स्थानीय ठाउँहरू माधोबाबुको फूलबारी, विसनदेवाको भट्टी, बोरिङवाला चौरी, रातुमा पक्की बाँधको वर्णन गरिएको छ। पात्रहरूको नामकरणमा पनि स्थानीयता प्रस्ट देख्न सकिन्छ- फुलचनमा, विसनदेवा, सोनफी राय, बौकामुसहर, भुटवा, चेपकटवाली, किसनभैया आदि। लठैत, खेत न पथार जस्ता स्थानीय शब्दहरूको प्रयोगले पनि आञ्चलिकताको आधारभूमि निर्माण गरेका छन्।

**स्थानीय जीवनचर्या र समाजशास्त्रीयता**

यस कथामा कथ्य अञ्चलको जीवनचर्याको चित्रण छ। चुनावी माहोल भएकाले गाउँका लठैतहरू आ आफ्नो दलको पक्षमा रही घोक्रो फुलाएर कराउँदै प्रचार गर्दै छन्। 'मुजफ्फरपुरबाट ल्याइएकी रातको तीन सय भारुवाली पद्मिनी बाइजीको मृदु स्वर रात्रीको निरवतालाई चिर्दै गाउँभरि गुञ्जाएमान भएको थियो', (पृ. ३२) चुनावको समयमा वेश्या नर्तकी गाउँघरमा ल्याई मानिसहरूलाई आकर्षित गर्ने प्रवृत्तिलाई देखाइएको छ। 'भोलि पनि बाइजीको नाच छ, माधोबाबुको तरफबाट। बेतियावाली बाइजी आउँदै छे' (पृ. ३४) यस अभिव्यक्तिबाट विभिन्न ठाउँबाट वाइजी लिई नाच देखाइरहेको प्रसङ्गलाई वर्णन गरिएको छ। 'उसको आफ्नै पेटमा ढोल र नगराहरू बज्दै थिए किनभने पानी परेको थिएन र खेतवाला गिरेथहरू चुनावी मुडमा थिए। त्यसैले अचेल कमाउने भरपर्दो स्रोत थिएन। ऊ सुतेको गुन्दीमा उडुस र उपियाँहरू निरन्तर सल्बलाइरहेका थिए अनि कालो नाङ्गो जिउमा लामखुट्टेहरू मनपरि म्वाइ खाइरहेका थिए। बेइमानी लामखुट्टेहरू एकैचोटि दस ठाउँमा डस्थे। एउटा हातले ऊ लामखुट्टे धपाउँथ्यो अनि अर्को हातले गुन्द्रीमा उडुस र उपियाँ छाम्थ्यो ' (पृ. ३३)। यस कथनबाट विपन्न वर्गका मानिसहरूको जीवन चलाउने आधार बनी गोठालोभन्दा अन्य नभएकाले भोकभोकै र कष्टकर तरिकाले जिउनुपर्ने जीवनचर्याको जानकारी हुन्छ।

'चुनावका कारणबाट गाउँ तीन दलमा विभाजित भएको थियो -नन्दन राय, माधोबाबु रशर्माजी। '(पृ. ३३) प्रस्तुत अभिव्यक्तिमा विभिन्न राजनीतिक विचारका कारण मानिसहरू पनि विभाजित भएको कुरा व्यक्त गरिएको छ। जो दारुपानीका भोकाहरू थिए -उनीहरूले खुलेआम आआफ्ना दल पकडिसकेका थिए तर गाउँमा यस्ता परिवार जो कुनै दलमा लागेका थिएनन् '(पृ. ३३)। यस प्रसङ्गबाट अञ्चलको दैनिक जीवनचर्याको विशिष्टता झल्किएको छ। 'के मतलब भोटसोटसँग', (पृ. ३६) 'त्यसो भए हामी पनि भोट नहालौँ। ', (पृ. ३८) ' यी सालेहरूलाई भोट दिएर के गर्नु ?, माने दारुपानी सबको, तर भोट कसैलाई पनि हैन '(पृ. ३८) प्रस्तुत अभिव्यक्तिले गरीबीसँग जुधेका विपन्नहरूलाई चुनावको वास्ता नभएको र कतिपय उमेदवारप्रति रुष्ट भई मत नखसाल्ने निर्णयमा पुगेको कुरा पुष्टि हुन्छ। तराइली समाजको सामाजिक, राजनीतिक गतिविधिलाई कलात्मक रूपले प्रस्तुत गरिएको यस कथामा विगत र वर्तमानमा भएका चुनावी अभियानमा उठेका नेताहरूको कुकृत्यलाई प्रष्ट्याइएको छ। नेताका चरित्रका कारण राजनीतिक स्थिति दयनीय भएको देखाइएको छ। समयका हिसाबले २०३८ सालको पञ्चायती चुनावलाई सङ्केत गरिएको यस कथामा तराईका सामन्तले निम्न वर्गमाथि गर्ने गरेको शोषणलाई यथार्थपरक ढङ्गले देखाइएको छ। यसरी मुसहर टोलको आर्थिक अभाव, गरिबी, निराशा, विकासको शून्यता, नेताहरूको खोक्रो आश्वासन, सहयोगको बहानामा नारीको अस्मिताको खेलवाड जस्ता पक्षलाई कथामा समेटिएकाले समाजशास्त्रीय चित्रण स्पष्ट देख्न सकिन्छ।

**संस्कृति र लोकजीवन**

कुनै उत्सव वा जात्रा आदिमा सीमा बाहिरबाट नर्तकी बोलाएर नाचगान गर्ने तथा खानपान आदि रमाइलो गरी समय व्यतित गर्ने चलनले त्यस गाउँको ग्रामीण संस्कृतिलाई झल्काएको छ। हुनेखाने वर्गले विपन्नलाई आफ्नो पासोमा कसरी पार्न सकिन्छ र आफू कसरी विजयी बन्न सकिन्छ भनी गुरु योजना मात्र रच्ने तथा विपन्न वर्गहरू

पेटको समस्याले रन्थनिने हुँदा गाउँमा बाटोघाटो सुविधा, बत्ती पानीको कुनै सुविधा उपलब्ध गराउन नखोजेको स्थानीय संस्कृतिलाई देखाइएको छ। गाउँलेहरू मिलेर बाटो खनेपनि गाडी नगुडेको स्थितिलाई देखाउँदै त्यहाँको कष्टकर लोकजीवनलाई चित्रण गरिएको छ। अञ्चलाधीशलाई घेरेर इनार खनिएको सन्दर्भको वर्णन गर्दै मुसहर वस्तीमा कुनै भौतिक सुविधा नभएको कुरा देखाइएको छ। शिक्षाबाट वञ्चित गरिबीमा रूमल्लिएका त्यस गाउँका मानिसहरू रोजीरोटीका लागि कुनै उपाय नहुँदा भोकभोकै बाँच्न विवश छन्। कोही मासु र चिउरामा बिक्ने गरेका छन्। त्यसैले त्यहाँको जीवन कष्टकर देखिएको छ। धनीमानीले गरिबका श्रीमतीको अस्मिता लुट्ने गरेको र स्थानीय भाषा र गीतको वर्णन गरिएकाले संस्कृति र लोकजीवनको विशिष्ट मिश्रणबाट कथा आञ्चलिक बन्न पुगेको छ।

**निष्कर्ष**

जनकपुरको सर्लाहीमा जन्मेका इस्मालीले 'माछो माछो भ्यागुतो' कथामानेपालको पूर्वी तराई विशेषगरी मिथिला क्षेत्रको रहनसहन, जनजीवन, राजनीतिक अवस्था, सामाजिक शोषणदमन, आर्थिक सङ्कटमा जीवन बाँच्नेहरूको कारुणिक अवस्था जस्ता पक्षलाई जस्ताको तस्तै प्रस्तुत गरेका छन्। मुसहर वस्तीको गरिबी, बेरोजगारी तथा सामन्तहरूको कुटनीतिलाई छर्लङ्ग पारिएको यस कथामा अशिक्षा र अभावमा रुमल्लिएका पात्रहरूको चयन गरी पात्रसुहाउँदो कथ्य भाषाको प्रयोग गरिएको छ। पेटमा भोकको ढोलक बजाउँदै उडुस र उपियासँग रातभर सिँगौरी खेल्ने विपन्न वर्ग र आफू बासमतीको चामल खाई हरुवाचरुवालाई कोदाको ढिडो र रोटी ख्वाउने सामन्त वर्गको प्रवृत्तिबाट वर्गीय विभेदलाई टट्कारो रूपमा देखाइएको छ। ठुला ठुला सपना देखाई सोभ्का साभ्का जनताको काँध चढेर चुनाव जितेपछि गाउँमा नफर्कने नेताहरूको प्रवृत्ति देखाइएको छ। प्रलोभन देखाई आफ्नो स्वार्थसिद्धि गर्ने सामन्तहरूले अरूका छोरी चेलीहरूको अस्तित्व लुट्न गरेको दुष्प्रयासलाई उजागर गरिएको छ। सबै प्रकारको भौतिक सुविधाबाट वञ्चित, भोकमरीमा रुमल्लिएको निम्न वर्गीय समाजलाई चित्रण गरिएको छ। तराईको गरिबी, वर्गीय विभेद र संस्कृति पनि यिनका कथामा जीवन्त भएर प्रस्तुत भएका छन्। त्यसैले तराईको आञ्चलिक विशिष्टतालाई प्रस्तुत गर्न 'माछो माछो भ्यागुतो' कथा सशक्त बनेको छ।

**सन्दर्भसूची**


अधिकारी, हेमाङ्ग र बद्रिविशाल भट्टराई (२०६१). *प्रयोगात्मक नेपाली शब्दकोश* (प्र. सं.). विद्यार्थी प्रकाशन प्रा.लि, ।

इस्माली, (२०७७). *माछो माछो भ्यागुतो* (दो. सं.). शिखा बुक्स ।

कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* ओरिएन्टल पब्लिकेसन ।

गौतम,लक्ष्मणप्रसाद (२३,फेब्रवरी२०१७).समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग, *समकालीन साहित्य.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, धनप्रसाद (१७, श्रावण २०७७). *आञ्चलिकता र नेपाली साहित्य.* नागरिक दैनिक ।